# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, मंसीर ९ गते २०३२ साल [ अतिरिक्ताङ्क ३९

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप–दफा (१), (२) र दफा ५ को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरी सेती अञ्चल अदालतका अञ्चल न्यायाधीशको एक सदस्यीय विशेष अदालत गठन गरेको छ।

डोटी जिल्ला अदालतमा दायर रहेको वादी श्री ५ को सरकार प्रत्येवादी प्रहरी निरीक्षक बलराम पराजुलीसमेत भएको धने साउद मरेको ज्यानसम्बन्धी मुद्दा उक्त अदालतबाट झिकी कारवाई र किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ।

यस विशेष अदालतले डोटी जिल्लाभित्र जहाँसुकै आफ्नो इजलास कायम गर्न सक्नेछ।

आज्ञाले–

चूडामणिराजसिंह मल्ल

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

300